# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १२ नोभेम्बर २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बङ्गालकी मुख्यमन्त्री सुश्री ममता ब्यनर्जीले दार्जीलिंग पहाडमा चार वटा आईटि कौशल केन्द्रहरुको स्थापना गरिने बताउनु भएको छ l

२. उपराष्ट्रपति जगदीप धनखड़ले आज मध्य प्रदेशको उज्जैनमा ६६ औ अखिल भारतीय कालिदास समारोहको उद्घाटन गर्नुभयो l

३. वित्तीय वर्ष 2025-26 को केन्द्रिय बजेटका तयारीहरू शुरू भइसकेको छ।

४. आज लोक सेवा प्रसारण दिवस हो ।

५. पश्चिम बंगालका छःवटा विधानसभा क्षेत्रहरूमा भोलि हुने उपचुनाउको लागि कठोर सुरक्षा व्यवस्था गरिएको छ।

**मुख्यमन्त्री -दार्जीलिंग भ्रमण**

तीन दिवशीय दार्जीलिंग भ्रमणमा रहनुभएका पश्चिम बङ्गालका मुख्यमन्त्री सुश्री ममता ब्यनार्जीले आज दार्जीलिंगमा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै दार्जीलिंग पहाड शान्त रहेको उल्लेख गर्नुभयो l उहाले यस अवधि पहाडका स्वनिर्भर समुहले उत्कृस्ट उदाहरण प्रस्तुत गरेको बताउनु भयो l दार्जीलिंग पहाडमा प्रतिभाशाली बिधार्थीहरु रहेको जसलाई दक्ष बनाउन अनि प्रशिक्षण पछि आफ्नो खुट्टामा उभिन सक्ने बनाउन चार वटा आईटि कौशल केन्द्रहरुको स्थापना गरिने जसको लागी दार्जीलिंग,खर्सांग, मिरिक अनि कालेबुंगमा स्थान हेर्नको लागी जिल्लापालहरुलाई जिम्मेवारी दिइएको बताउनु भएको छ l पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री सुश्री ब्यनार्जीले आज गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा, दार्जीलिंग अनि कालेबुंगका जिल्लापाल लगायत बिकास बोर्डका चेयरमेनहरु संग बैठक गरिएको जानकारी दिनुभयो l जीटिए का मुख्य कार्यपाल अनित थापाले मुख्यमन्त्री ममता ब्यनार्जीसित भएको बैठकमा जीटिए क्षेत्रको बिकास , पहाडमा ट्राफिक समस्याको समाधान , स्वनिर्भर समुहको लागी बजार व्यवस्थापन लगायत पर्यटन उधोग बिस्तार बारे सकारात्मक चर्चा भएको जानकारी दिनुहुदै पहाडमा शान्ति स्थापना अनि बिकासनै आफ्नो पहोली प्रथामिकता रहेको बताउनुभयो l

****** ० ******

**उपराष्ट्रपति जगदीप धनखड़ - कालिदास समारोह**

उपराष्ट्रपति जगदीप धनखड़ले आज मध्य प्रदेशको उज्जैनमा ६६ औ अखिल भारतीय कालिदास समारोहको उद्घाटन गर्नुभयो l यस अवसरमा राज्यपाल मंगुभाई पटेल, मुख्यमंत्री डॉ. मोहन यादव, श्री राम जन्मभूमि तीर्थ क्षेत्र न्यास अयोध्या के कोषाध्यक्ष स्वामी गोविंददेव गिरि महाराज उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा सन् २०२२–२०२३ का लागि कालिदास अलंकार सम्मान प्रदान गरियो । चार विधामा आठ जना विद्वान्लाई सम्मान गरिएको थियो । यस अवसरमा उपराष्ट्रपति धनखड़ले महाकवि कालिदासका कृतिमा मानवीय भावनाको अद्भुत संगम, मानिस र प्रकृतिबीचको अटुट सम्बन्ध र प्रेमको पवित्रता देख्न सकिने बताउनुभयो । उहाँले भन्नुभयो -, 'महाकविले आफ्नो ग्रन्थमा पर्यावरण संरक्षणको आजको ज्वलन्त मुद्दाबारे लेख्नुभएको छ , जस अनुसार हाम्रो अस्तित्वका लागि पर्यावरण संरक्षण र सिर्जना आवश्यक छ ।

****** ० ******

**वित्त वर्ष 2025-26 -बित्तमंत्री**

वित्त वर्ष 2025-26 को केन्द्रिय बजेटका तयारीहरू शुरू भइसकेको छ। उद्योग जगतले हालैमा आफ्ना मागहरूसित सम्बन्धित सिफारिसहरू सरकारलाई सुम्पिएको छ। यसबीच बजेटपूर्व परामर्श र जीएसटी परिषदको लागि वित्तमन्त्री निर्मला सीतारमणले आगामी 21-22 दिसम्बरमा राज्यहरूका वित्तमन्त्रीहरूसित बैठक गर्न सक्ने संभवाना रहेको छ ।आधिकारिक सूत्रले केन्द्रिय वित्तमन्त्री निर्मला सीतारमणको आगामी 21-22 दिसम्बरमा हुने बजेटपूर्व परामर्श एवं वस्तु सेवा कर (जीएसटी) परिषदको बैठक यसकारणले पनि महत्वपूर्ण छ, किनभने राज्यहरूका वित्तमन्त्रीहरूले आगामी एक फरवरीमा पेश गरिने वर्ष २०२५-२६ को

केन्द्रिय बजेटको लागि आफ्नो सिफारिस पेश गर्नेछन्।यी दुई दिनमध्ये एक दिन जीएसटी परिषदको 55औं बैठक आयोजना हुनेछ जसमा स्वास्थ्य एवं जीवन बीमामाथि छुट वा जीएसटी दरलाई कम गर्नेमाथि बहुप्रतीक्षित महत्वपूर्ण निर्णय लिइने सम्भावना छ। यस अतिरिक्त राज्यमन्त्रीहरूको एक प्यानलको सिफारिस अनुसार केही सामान्य वस्तुहरूमाथि कर दरहरूलाई 12 प्रतिशतदेखि घटाएर 5 प्रतिशत बनाउने सम्भावना रहेको छ।

****** ० ******

**आज लोक सेवा प्रसारण दिवस**

आज लोक सेवा प्रसारण दिवस हो। यस अवसरमा नयाँ दिल्लीस्थित आकाशवाणी भवनमा एक कार्यक्रमको आयोजना गरियो । सन् १९४७ मा आजकै दिन महात्मा गान्धीको एक मात्र प्रत्यक्ष आकाशवाणी बाट भएको थियो। यस दिवसले देशभरि सांस्कृतिक विविधतालाई बढावा दिन र शिक्षित गर्न आकाशवाणीको महत्वपूर्ण भूमिकालाई उजागर गर्दछ। कार्यक्रममा प्रसार भारतीका अध्यक्ष नवनीत कुमार सहगलले महात्मा गान्धीको राष्ट्रप्रतिको प्रतिबद्धताको चर्चा गर्नुभयो । उहाँले महात्मा गान्धीको सन्देशले सबैको भलाइका लागि सबैलाई सोच्न प्रेरित गरेको बताउनु भयो । कार्यक्रममा आकाशवाणीका महानिर्देशक डा प्रज्ञा पालीवाल गौड, दूरदर्शनका महानिर्देशक कन्चन प्रसाद र अन्य वरिष्ठ अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो।

****** ० ******

**सर्वोच्च न्यायालय -सुनवाई**

सर्वोच्च न्यायालयमा मुद्दाहरुको तत्काल सूचीकरणका लागि उल्लेख , अब इमेल वा लिखित रूपमा गरिनेछ। प्रधान न्यायाधीश सञ्जीव खन्नाले आज स्पष्ट पार्दै भन्नुभएको छ - मौखिक उल्लेखलाई अब न्यायालयमा विचार गरिने छैन। प्रधानन्यायाधीश श्री खन्नाले मुद्दाहरुको तत्काल सुनुवाइ गर्नुपर्ने कारण स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने बताउनु भएको छ । यसअघि न्यायालयले मौखिक उल्लेख मार्फत मुद्दाहरु तत्काल सूचीकरणका लागि अनुरोध गर्ने गरेको थियो, जसका आधारमा सम्बन्धित न्यायालयले निर्णय लिने गर्दथ्यो।

****** ० ******

**पश्चिम बङ्गाल -उपचुनाउ**

पश्चिम बंगालका छःवटा विधानसभा क्षेत्रहरूमा भोलि हुने उपचुनाउको लागि कठोर सुरक्षा व्यवस्था गरिएको छ। मतदान केन्द्रिय सशस्त्र पुलिस बल (सीएपीएफ)- को कठोर निगरानीमा औ सय प्रतिशत बेलकास्टिंग अन्तर्गत गराइनेछ। यस उपचुनाउ अन्तर्गत मतदान हुने छःवटा विधानसभा क्षेत्रहरूमा कुचबिहार जिल्लाको सिताई, अलिपुरद्वारको मदारीहाट, बाँकुड़ाको तालडांगर, पश्चिम मेदिनीपुरको मेदिनीपुर र उत्तर 24 परगना जिल्लाको हरोआ र नैहाटी सामेल छन्।यसपालि उपचुनाउको लागि 108 कम्पनी सीएपीएफलाई तैनाथ गरिएको छ जुन पहिला तैनाथ गरिएको 89 कम्पनीभन्दा धेरै अधिक हो। तैनाथ बलहरूमा 40 कम्पनी सीमा सुरक्षा बल, 29 कम्पनी केन्द्रिय रिजर्भ पुलिस बल , 12 कम्पनि भारत-तिब्बत सीमा पुलिस, 14 कम्पनी केन्द्रिय औद्योगिक सुरक्षा बल र 13 कम्पनि सशस्त्र सीमा बल सामेल छन्। यसपालि उपचुनाउमा तृणमूल कंग्रेस, भाजपा र वाम मोर्चा एवं यसका सहयोगी कंग्रेसबीच चतुष्कोणीय प्रतिस्पर्धा हुने सम्भावना देखिएको छ 1

****** ० ******

**हरिबोधिनी एकादशी**

आज हरिबोधिनी एकादशी हो। यो दिवस देश तथा विदेशमा हर्षोल्लासका साथ मनाइँदैछ।हरिबोधिनी एकादशी एक दिन हो जब भगवान विष्णु आफ्नो चार महिनाको निद्राबाट ब्यूँझनुहुन्छ। यस अवसरमा तुलसीको बोटको पूजा गरिन्छ र तुलसी र अमलाको रूखका हाँगाहरू वा शालिग्राम पत्थरलाई धागो बाँधेर एकीकृत गरिन्छ, जसले विष्णु र उनकी पत्नी लक्ष्मीको एकीकरणको सङ्केत गर्दछ। यो उत्सवले मानिस र प्रकृतिबीचको गहिरो सम्बन्धलाई सङ्केत गर्छ। काठमाडौं उपत्यकाका बूढानीलकण्ठ, छागु नारायण लगायत विष्णु मन्दिरमा आज भक्तजनको घुइँचो देखिएकोछ ।

****** ० ******

**निप्पोन -रिम्बिक – आशाबादी**

आफ्नो हक तथा अधिकारको निम्ति गत मई दिवसदेखि निरन्तर आन्दोलन गरिरहेका निप्पोन कर्मचारी संगठनका कर्मचारीहरू जीटीएको पहलमा नै आफ्नो समस्या समाधान हुने कुरामा आशावादी रहेका छन्। जीटीए पर्यटन विभागका सभासद नोर्देन शेर्पा तथा गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले निप्पोनमा कार्यरत अस्थायी कर्मचारीहरूको तलब

स्केल संशोधनको मुद्दालाई गम्भीरतापूर्वक लिएकोले छिट्टै यो समस्या समाधान हुने कुरामा कर्मचारीहरू आशावादी रहेको बताइएको छ। उल्लेखनीय छ, दार्जीलिङ जिल्लाको सुदुरवर्ती रिम्बिक लोधोमा क्षेत्रको लोधोमा दुई ग्रामको मिनि हाइड्रोपावर कम्पनी निप्पोनमा कार्यरत कर्मचारीहरू आफुहरूलाई कम्पनीले अत्याचार गरेको तथा समय अनुसार वेतनमा बढोत्तरी नगरेको भन्दै लगभग साढे छ महिनादेखि आन्दोलनरत छन्। यसैबिच सम्बन्धित अधिकारीहरूदेखि लिएर श्रम विभागका उच्च अधिकारीहरूको हस्तक्षेप पछि पनि कम्पनीले समस्यालाई गम्भीरतापूर्वक नलिएकोले यसको समाधान हुन नसकेको कर्मचारीहरूको भनाइ रहेको छ।

****** ० ******

**जीटीए- प्राथमिक पाठशाला -कार्यक्रम**

बाल दिवसलाई लक्षित गर्दै प्राथमिक शिक्षा विभाग जीटीएद्वारा जीटीए क्षेत्रको विभिन्न क्षेत्रहरुमा प्रतियोगितात्मक कार्यक्रम सम्पन्न भईरहेको छ। यसै क्रममा पुल-बिजनबारी क्षेत्रस्तरीय अन्तरबिधालय हाजिरी जवाफ प्रतियोगिता बिजनबारी कन्या पाठशाला प्राङ्गणमा सम्पन्न गरियो। पुल बिजनबारी क्षेत्र अन्तर्गत 22 वटा प्राथमिक पाठशालाका विद्यार्थीहरुलाई लिएर आयोजित प्रतियोगितामा जीटीए शिक्षा विभागीय सभासद राजेस चौहान, कृषि विभागीय सभासद सतिश पोख्रेल पुल-बिजनबारी गोक समष्टि सभासद भुपेन्द्र छेत्री, दार्जिलिङ पुलबजार खण्ड पन्चायत समितिका उपाध्यक्ष , पन्चायत समितिका सदस्यहरु, प्रतियोगी बिधालयका शिक्षक शिक्षिकागण लगायत प्रतियोगी विद्यार्थीहरुको बिशेश रूपमा उपस्थिती थियो। जिल्ला बोर्ड सदस्य पहलमान तामाङको अध्यक्षतामा सप्पन्न कार्यक्रममा बिद्यार्थीहरु बीचमा हाजिरी जवाफ प्रतियोगिता गरिएको थियो।कार्यक्रममा मुख्य अतिथि राजेश चौहानले प्राथमिक पाठशालाको विद्यार्थीहरुलाई प्रेरणा अनि प्रतियोगिताको मञ्च प्रदान गर्न यो प्रश्नोत्तरी प्रतियोगिता आयोजना गरिएको बताउनुभयो l उहाँले विद्यार्थीहरुमा प्रतियोगिताको भावना जागृत गराउन आवश्यक रहेको बताउँदै अब उसो जीटीएले यो कार्यक्रम निरन्तर रूपमा आयोजन गर्ने थप जानकारी दिनुभएको छ l यसरीनै प्राथमिक शिक्षा बिभाग सुनादा सर्कलको आयोजनामा आज क्षेत्रका १६ वटा प्रथामिक पाठशालाहरुका बिधार्थीहरु लाई लिएर हाजिरी जवाब प्रतियोगिता सम्पन्न भएको जानकारी प्राप्त भएको छ l

****** ० ******

**सिलगडी- गाई उद्धार**

सिलगडी महकुमा अन्तर्गत विधाननगर पुलिसले फासीदेवा खण्डको डांगापारा क्षेत्रमा छापा मारेर 18 चक्के ट्रेलरलाई जफत गरेको छ l पुलिसले गुप्त सूचनाको आधारमा उक्त ट्रेलरबाट जम्मा ४६ वटा गाई उद्धार गरेको छ l उद्धार गरिएका गाईहरु तस्करी गर्दै बिहारबाट आसाम हुदै बंगलादेश लागिरहेका थिए l

****** ० ******